नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

# प्रेस विज्ञप्ती

## नेपाल बैंकको डिजिटल बैंकिङ्ग वित्तीय साक्षरता कार्यक्रम साउथ वेस्टर्न स्टेट कलेजमा सम्पन्न

नेपाल बैंक लिमिटेडले मिति २०७८/०८/२९ गते काठमाण्डौको बसुन्धरा स्थित साउथ वेर्स्टन स्टेट कलेजमा डिजिटल बैकिङ्ग वित्तीय साक्षरता कार्यकम सम्पन्न गरेको छ। नेपाल बैंक लिमिटेड, काठमाण्डौ बैंकिङ्ग अफिस र साउथवेर्स्टन स्टेट कलेजको सहकार्यमा बिधार्थीहरुलाई डिजिटल बैकिङ्ग सम्वन्धि जानकारी गराई डिजिटल बैकिङ्गका प्रविधिहरुमा अभ्यस्त गराउने उद्देश्यले उक्त कार्यकम संचालन गरिएको थियो। साउथवेर्स्टन स्टेट कलेजका प्रिन्सिपल डा. राजेन्द्र के.सी.को सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा राष्ट्रिय आविश्कार केन्द्रका संचालक तथा नेपाल बैंक लिमिटेडका ब्राण्ड एम्वासडर श्री महावीर पुन प्रमुख अतिथिको रुपमा रहनुभएको थियो। त्यसैगरि बिशेष अतिथिको रुपमा नेपाल बैंक लिमिटेडका प्रमुख प्रशासकिय अधिकृत तथा प्रवक्ता प्रकाशकुमार अधिकारी, नेपाल बैंक काठमाण्डौ बैंकिङ्ग अफिसका प्रमुख सुन्दर पन्थी, नेपाल बैंक मार्केटिङ्ग तथा रिर्सच डिभिजन प्रमुख अर्जुन बहादुर कंडेल, युवा उद्यमी सोना अमात्य, नायीका तथा मोडेल पुजा पन्त लगायतका अतिथिहरु उपस्थित रहेको उक्त कार्यक्रमको संचालन कलेजका भाईस प्रिन्सिपल श्री हरि सिंह केसीले गर्नुभएको थियो। करिब २०० बिद्यार्थीहरु सहभागि भएको उक्त कार्यक्रममा डिजिटल वित्तीय साक्षरता सम्बन्धि जानकारी, नेपाल बैंकले लागू गरेका विभिन्न सेवा सुविधाहरु, डिजिटल बैंकिङ्ग प्रविधिहरु, बिद्यार्थी लक्षित शुभज्ञान बचत खाता साथै बैंकिङ्गका विविध आयामहरुको बारेमा जानकारी गराईएको थियो। कार्यकमका प्रमुख अतिथि श्री महाविर पुनले अबको आवश्यकता भनेकै डिजिटल बैंकिङ्ग रहेको भन्दै हरेक बिधार्थी उद्यमशिल बन्नुपर्ने आजको आवश्यकता रहेको बताउनु भयो। राष्ट्रिय आविश्कार केन्द्रले उद्यमी बन्न चाहने विधार्थीलाइ सहयोग गर्ने आश्वासन पनि दिनु भएको थियो। कार्यक्रमका सभापति तथा कलेजका प्रिन्सिपल डा. राजेन्द्र के.सी.ले डिजिटल बैकिङ्ग वित्तीय साक्षरता कार्यकम आयोजना गरेकोमा नेपाल बैंकलाइ धन्यबाद दिंदै बिधार्थीहरुले यस कार्यक्रमबाट बढि भन्दा बढि लाभ लिने बिश्वास व्यक्त गर्नु भएको थियो। नेपाल बैंक लि. का प्रमुख प्रशासकिय अधिकृत तथा प्रवक्ता श्री प्रकाशकुमार अधिकारीले नेपाल बैंक र साउथवेर्स्टन स्टेट कलेज बिच आगामि दिनमा थप सहकार्य गरि अगाडि बढ्न सकिने विषयमा प्रष्ट पार्नु भएको थियो। नेपाल बैंक मार्केटिङ्ग तथा रिर्सच डिभिजन प्रमुख अर्जुन बहादुर कंडेलले डिजिटल बैंकिङ्ग सम्बन्धि प्रस्तुतीकरण दिनुभएको उक्त कार्यक्रममा युवा उद्यमी सोना अमात्यले पनि आफ्नो विचार ब्यक्त गर्नु भएको थियो।

अनवरत विश्वासको ८५ औ बर्ष प्रवेश गरेको देशकै पहिलो बैंक नेपाल बैंक लिमिटेड सबै पुस्ताको उत्तिकै रोजाइको बैकको रुपमा रहन सफल भएको छ। बैंकले हाल ७२ जिल्लाका २१३ शाखाहरु १५० एटिएम, र ४७ एक्सटेन्सन काउन्टर मार्फत करिब २० लाख ग्राहकहरुलाई आधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा उपलब्ध गराईरहेको छ।

धन्यबाद !

भवदीय,

मिति: २०७८ मङ्सिर २९ गते बुधबार।

(प्रकाश कुमार अधिकारी)
प्रवक्ता/प्रमुख प्रशासकिय अधिकृत